बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, सिन्धुली

फोन नं. : ०४७-५२०१६६,
०४७-५२१०४२
९८५४०४२१६६
सिन्धुलीमाढी, नेपाल

## कृषि विकास कार्यक्रममा सहभागिताका लागि प्रस्ताव माग सम्बन्धमा पूनः सूचना !

**तेश्रो पटक प्रकाशित मितिः २०७९/०९/२९**

कृषि ज्ञान केन्द्र, सिन्धुलीको आ.व. २०७९।८० का लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार साझेदारीमा तपसिलका कार्यक्रमहरु सञ्चालन गरिने हुँदा यस जिल्लाभित्रका ईच्छुक तपसिल कार्यक्रममा उल्लेख गरेअनुसारका लाभग्राहिहरुले देहाय बमोजिमको कागजातहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (मिति २०७९/१०/०५) दिन भित्र रीतपूर्वक प्रस्ताव सहितको निवेदन यस केन्द्रमा दर्ता गराउनुहुन यो सूचना पूनः प्रकाशित गरिएको छ । साथै रित नपुगी वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिलः**

| क.स. | कार्यक्रमहरुको नाम | एकाई | परिमाण | कार्यक्रम को कुल बजेट (रु. हजारमा) | कार्यक्रम सञ्चालन हुने क्षेत्र | प्रस्तावना पेश गर्न सक्ने लाभग्राहि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | साना सिँचाई कार्यक्रम | संख्या | ४० | ६,००० | जिल्ला भर | कृषक समुह/कृषि सहकारी | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ |
| २ | व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | हेक्टर | ५० | १०,००० | जिल्ला भर | | |
| ३ | मकै बाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | ५० | ५,००० | कमलामाई न.पा. दुधौली न.पा. फिक्कल गा.पा. मरिण गा.पा. तीनपाटन गा.पा. हरिहरपुरगढी गा.पा. घ्याङ्लेख गा.पा का सबै क्षेत्रहरु | | |
| ४ | एभोकाडो/ किवी प्रवर्द्धन कार्यक्रम | हेक्टर | ५० | ५,००० | सुनकोशी गा.पा. हरिहरपुरगढी गा.पा. गोलन्जोर गा.पा. घ्याङ्लेख गा.पा.का सबै क्षेत्रहरु | | |
| ५ | रैथाने बाली मूल्य श्रृंखला प्रवर्द्धन कार्यक्रम | हेक्टर | ४० | ४,००० | फिक्कल गा.पा. मरिण गा.पा. र तीनपाटन गा.पा.का सबै क्षेत्रहरु | | |
| ६ | मौरी प्रवर्द्धन कार्यक्रम | संख्या | ४००० | ४,००० | दुधौली न.पा. र कमलामाई न.पा. का सबै क्षेत्रहरु | | |

**आवश्यक कागजातहरुः**

१) रु १०/- को टिकट टाँस गरी तोकिएको ढाँचामा प्रस्ताव (विस्तृत लागत ईस्टिमेट सहित) सहितको निवेदन माग फारम
२) कृषक समुह/कृषि सहकारीको दर्ता प्रमाणपत्र, नविकरण, पछिल्लो समयको कर चुक्ता, प्यान दर्ता प्रमाण पत्र, संस्थाको योजना माग सम्बन्धमा गरिएको निर्णयको प्रतिलिपि
३) सम्बन्धित नगरपालिका/गाँउपालिकाको कृषि शाखाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारीस पत्र
४) सम्बन्धित संस्थाले जिम्मेवारी तोकेको प्रतिनिधि/सदस्यको नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा अख्तियारी पत्र
५) प्रस्तावित कार्यक्रम स्थलको फोटो र प्रस्ताव मूल्याङ्कनमा सहयोग हुने अन्य सहयोगी कागजात
६) खेती गरिने जमिनको लालपुर्जाको फोटोकपी/ लिजमा लिएको जमिन भए फलफूलको हकमा १५ वर्ष र तरकारी तथा खाद्यन्न बालीको हकमा कम्तीमा ५ वर्षको काराररनामाको प्रतिलिपि
७) अन्य कागजातहरु कार्यक्रम सँग सम्बन्धित स्वीकृत कार्याविधिमा उल्लेख गरेअनुसार

***अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यस दिनको भोलिपल्ट कार्यलय समयभित्र निवेदन दर्ता हुनुपर्नेछ ।***
***अन्य कुरा प्रचलित कानुन बमोजिम हुने व्यहोरा अनुरोध छ ।रित नपुगी वा म्याद नाघी आएको निवेदन उपर कुनै कारवाहि हुनेछैन।***

**नोटः कार्यक्रम सम्बन्धित विस्तृत जानकारीका लागि यस केन्द्रमा सम्पर्क गर्न सकिनेछ।प्रस्तावना र निवेदनको ढाँचा यस केन्द्रको वेभसाईटमा उपलब्ध छ। साथै कार्यक्रम कार्यविधि सम्बन्धि जानकारीका लागि यसै केन्द्रको वेभसाईट sindhuli.akc.gov.np मा हेर्न वा डाउनलोड गर्नुहुन अनुरोध छ ।**

..............................
**सुजन अंगाई**
**प्रमुख (अधिकृतस्तर नवौं)**